# काठमाडौँ महानगरपालिका, शिक्षा विभाग
## कक्षा ९ को लागि

# ब्युटिसियन र हेयर स्टाइल
# Beautician and Hair Style

पाठ्यक्रम

**Glocal Academy of Skills द्वारा तयार गरिएको**

**२०७९ (2023 AD)**

# विषय सूची


परिचय:....................................................................................1
लक्ष्य: ....................................................................................1
उद्देश्य:....................................................................................1
पाठ्यक्रमको वर्णन:....................................................................1
तालिम अवधि:..........................................................................1
लक्षित समूह:...........................................................................1
लक्षित स्थान: ..........................................................................1
विद्यार्थी संख्या: .......................................................................1
प्रशिक्षणको भाषा:......................................................................1
विद्यार्थी उपस्थिति: ....................................................................1
प्रशिक्षकको योग्यता: ..................................................................1
प्रशिक्षक-विद्यार्थीको अनुपात: .......................................................1
प्रशिक्षण विधि:..........................................................................2
विद्यार्थी मूल्यांकन: ....................................................................2
प्रमाण-पत्र प्रदान:.......................................................................2
प्रशिक्षण सम्बन्धी सुझाव: ...........................................................2
पाठ्यक्रम संरचना (Curriculum Structure) ..................................3
मोड्युल १: परिचय (Introduction) ...............................................4
मोड्युल: २ आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू (Basic Beautician and Hair tyle Tasks) ...........5
परियोजना...............................................................................31
आवश्यक औजार, उपकरण तथा सामग्रीहरू ...................................33
मूल्याङ्कन र मार्किङ योजना (Assessment and Marking Scheme)..........33
क्यारियर परामर्श पाठ्यक्रम (Career Counseling Curriculum) ................40

## परिचयः

यो पाठ्यक्रममा ब्युटिसियन र हेयर स्टाइल (Beautician and Hair Style) सम्बन्धी ज्ञान तथा सीपहरू समावेश गरिएको छ। यस पाठ्यक्रमले विद्यार्थीहरूलाई व्यक्तिगत एवम् औजार, उपकरण तथा सामग्रीहरूको सुरक्षालाई पहिलो प्राथमिकता दिएर प्रयोगात्मक अभ्यास मार्फत सीप प्राप्त गर्न र दक्ष हुन मार्ग निर्देशन प्रदान गर्दछ।

## लक्ष्यः

कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूलाई उनीहरूलाई अभिरुची भएको विषयसँग सम्बन्धित आधारभूत सीपहरू प्रदान गर्न।

## उद्देश्यः

यस पाठ्यक्रममा आधारित रहेर सञ्चालित तालिम कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेपछि विद्यार्थीहरूले व्यक्तिगत, औजार उपकरण र कार्यस्थलको सुरक्षाका नियमहरू समेत पालना गरेर निम्न कार्यहरू गर्न सक्नेछन्:

- आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू गर्न
- सामान्य मेकअप गर्न।

## पाठ्यक्रमको वर्णनः

यो पाठ्यक्रम ब्युटिसियन र हेयर स्टाइल (Beautician and Hair Style) सगँ सम्बन्धित कार्यहरूमा आधारित छ र उक्त कार्यहरूलाई विभिन्न मोड्युलहरूमा समाबेश गरिएकोछ। (पाठ्य संरचना हेर्नुहोस्)।

## तालिम अवधिः

९० घण्टा

## लक्षित समूहः

- कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरू

## लक्षित स्थानः

विद्यालय

## विद्यार्थी संख्याः

एक समूहमा अधिकतम २० जना

## प्रशिक्षणको भाषाः

प्रशिक्षणको भाषा नेपाली हुनेछ। यद्यपी, छलफल स्थानीय भाषामा र प्राविधिक शब्दावलीहरू (Technical Terminologies) अंग्रेजीमा उल्लेख हुन सक्नेछन्।

## विद्यार्थी उपस्थितिः

सिकाई अवधिभर विद्यार्थीको उपस्थिति प्रत्येक मोड्युलमा कम्तीमा ९० % पुगेको हुनु पर्नेछ अन्यथा प्रमाणपत्र पाउन योग्य मानिने छैन।

## प्रशिक्षकको योग्यताः

- सम्बन्धित विषयमा कम्तिमा डिप्लोमा तथा प्रमाणपत्र तह अथवा राष्ट्रिय सीप परीक्षण समितिबाट न्यूनतम तह २ अथवा सो सरहको डिग्री प्राप्त गरी १ वर्षको प्रशिक्षण अनुभव हासिल गरेको;

## प्रशिक्षक-विद्यार्थीको अनुपातः

- प्रयोगात्मक कक्षाको लागि अनुपात १:१०
- सैद्धान्तिक कक्षाको लागि अनुपात १:२०

## प्रशिक्षण विधि:

यस पाठ्यक्रममा आधारित रहेर तालिम सञ्चालन गर्दा प्रशिक्षणको क्रममा उदाहरणयुक्त व्याख्या, छलफल, प्रदर्शन, समूह कार्य, अभ्यास लगायत नविनत्तम शिक्षण विधिहरू प्रयोग गरिनेछ।

## विद्यार्थी मूल्यांकन:

- विद्यार्थीहरूले प्राप्त गरेको सीपको मूल्यांकन सम्बन्धित प्रशिक्षकले नियमित रुपमा गर्नुपर्नेछ।
- विद्यार्थीहरूले सिकेको सम्बन्धित प्राविधिक ज्ञानको मूल्यांकन सम्बन्धित प्रशिक्षकले मौखिक वा लिखित परीक्षाद्वारा गर्नुपर्नेछ।
- विद्यार्थी सफल हुन प्रयोगात्मक र सैद्धान्तिक दुबै मूल्यांकन गरी कम्तीमा ६० प्रतिशत अंक प्राप्त गर्नुपर्नेछ।
- परीक्षा सम्बन्धित विद्यालयले नै लिनुपर्नेछ।

## प्रमाण-पत्र प्रदान:

यो पाठ्यक्रम अनुसार सञ्चालित तालिम सफलतापूर्वक सम्पन्न गर्ने विद्यार्थीहरूलाई विद्यालयले प्रमाणपत्र प्रदान गर्नेछ।

## प्रशिक्षण सम्बन्धी सुझाव:

१. प्रशिक्षण पूर्व पाठ्यक्रम पूर्णरुपमा अध्ययन गरी पाठयोजना तयार गर्ने, गराउने।
२. प्रश्नोत्तर सत्र (Question Answer session) को व्यवस्था गर्ने।
३. ८० प्रतिशत समय अभ्यासको लागि छुट्याउने।
४. पाठ्यक्रमको बारेमा विद्यार्थीहरूलाई जानकारी गराउने।
५. विद्यार्थी स्पष्ट नहुन्जेलसम्म प्रशिक्षकले सैद्धान्तिक विषयवस्तुलाई प्रभावकारी ढङ्गबाट प्रशिक्षण गर्ने र सीप प्रदर्शन गर्ने।
६. सिकारुलाई सीप अभ्यास गर्नु पूर्व व्यक्तिगत स्वास्थ्य तथा सुरक्षा, औजार, उपकरण प्रयोग तथा सुरक्षा अनिवार्य र सुनिश्चित गर्ने, गराउने।
७. पर्याप्त अभ्यास गराउने।
८. विद्यार्थीहरूलाई अन्तर्क्रिया गर्न प्रोत्साहित गर्ने।
९. विद्यार्थी केन्द्रित सिकाइ पद्धति अवलम्बन गर्ने।
१०. विद्यार्थीहरूलाई पर्याप्त सिकाइ सामग्रीहरू उपलब्ध गराउने।
११. प्रशिक्षण तथा अभ्यासको समयमा हर समय प्रशिक्षक उपलब्ध हुने।
१२. विद्यार्थीहरूलाइ नियमित उपस्थितिको लागि प्रोत्साहन गर्ने र उनीहरूको हाजिरि अभिलेख राख्ने।
१३. अभ्यासको क्रममा आवश्यकता अनुसार पृष्ठपोषण दिने।
१४. सिकारुले सीप सिकाइको क्रममा उत्पादन गरेको बस्तु भए त्यसको मूल्याङ्कन गर्ने, गराउने।
१५. तालिममा स्रोत साधनको उचित सदुपयोग गर्ने र मितव्ययी तवरले अभ्यास गराउने।

# पाठ्यक्रम संरचना (Curriculum Structure)

**सीपमूलक तालिमको नाम:** ब्युटिसियन र हेयर स्टाइल (Beautician and Hair Style)
**समय (Duration):** सैद्धान्तिक २६.५ घण्टा + व्यावहारिक ६३.५ घण्टा = ९० घण्टा

| मोड्युल # | शिर्षक | स्वभाव | सैद्धान्तिक (सै) | व्यावहारिक (व्या) | जम्मा |
|---|---|---|---|---|---|
| मोड्युल १ | परिचय (Introduction) | सै | १६.० | - | १६,० |
| मोड्युल २ | आधारभुत ब्युटिसियन र हेयर स्टाइल कार्यहरू (Basic Beautician and Hair Style Tasks) | सै + व्या | १०.५ | ४२.० | ५२.५ |
| | | | २६.५ | ४२.० | ६८.५ |
| परियोजना कार्य | | | | | २१.५ |
| | जम्मा | | | | ९० |

# मोड्युल १: परिचय (Introduction)

**विवरण (Description):** यस मोड्युलमा पेशाको विषयमा र गर्नपर्ने कार्यहरूको संक्षिप्त जानकारी, पेशाको मर्यादा, पेशामा रहेर "गर्न हुने" र "गर्न नहुने" कार्यहरू र प्रयोग हुने आवश्यक औजार, उपकरण तथा सामग्रीहरू साथै प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको परिचय र पहिचान, व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग, कार्यस्थलको सरसफाई र सुरक्षा, कार्यस्थलको फोहर व्यवस्थापन, सौन्दर्य विधाको परिचय तथा महत्व, ब्युटिसियन पेशामा अँगाल्नु पर्ने ब्यवहारहरु, ब्युटिसियन र ग्राहक बीचको सम्बन्ध, व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग, औजार र उपकरणको सुरक्षा, निर्मलीकरण/निसंक्रमित गर्ने विधि सम्बन्धी विषयवस्तु समावेश गरिएका छन्।

**मोड्युल परिणाम (Module Outcome):** यस मोड्युल पूरा भएपछि प्रशिक्षार्थीहरू गर्नपर्ने कार्यहरूको संक्षिप्त जानकारी, पेशाको मर्यादा, पेशामा रहेर "गर्न हुने" र "गर्न नहुने" कार्यहरू र प्रयोग हुने आवश्यक औजार, उपकरण तथा सामग्रीहरू साथै प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको परिचय र पहिचान, व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग, कार्यस्थलको सरसफाई र सुरक्षा, कार्यस्थलको फोहर व्यवस्थापन, सौन्दर्य विधाको परिचय तथा महत्व, ब्युटिसियन पेशामा अँगाल्नु पर्ने ब्यवहारहरु, ब्युटिसियन र ग्राहक बीचको सम्बन्ध, व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग, औजार र उपकरणको सुरक्षा, निर्मलीकरण/निसंक्रमित गर्ने विधि सम्बन्धी विषयवस्तुमा जानकार हुनेछन्।

**विषयवस्तु:**

१. पेशाको पृष्ठभूमी, परिभाषा, कार्यक्षेत्र, महत्व र सम्भावनाबारे जानकारी।
२. पेशा अन्तर्गत गरिने कार्यहरूको बारेमा संक्षिप्त जानकारी।
३. प्रयोग हुने औजार, उपकरण तथा सामग्रीहरूको परिचय र पहिचान
४. सौन्दर्य विधाको परिचय तथा महत्व
५. ब्युटिसियन पेशामा अँगाल्नु पर्ने ब्यवहारहरु
६. ब्युटिसियन र ग्राहक बीचको सम्बन्ध
७. व्यक्तिगत सुरक्षा उपकरणको प्रयोग
८. कार्यस्थलको सरसफाई र सुरक्षा
९. औजार र उपकरणको सुरक्षा, निर्मलीकरण/निसंक्रमित गर्ने विधि
१०. कार्यस्थलको फोहर व्यवस्थापन

**समय (Duration):** १६ घण्टा

# मोड्युलः २ आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू (Basic Beautician and Hair Style Tasks)

| |
|---|
| **विवरण (Description):** यस मोड्युलमा आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यको लागि आवश्यक पर्ने कार्यहरू सम्बन्धी ज्ञान र सीपहरू समावेश गरिएका छन्। |
| **मोड्युल परिणाम (Module Outcome):** यस मोड्युल पूरा भएपछि विद्यार्थीहरू गर्न सक्षम हुनेछन्। |
| **कार्यहरूः**<br>१ तेल मसाज (Oil Masssage) गर्ने ।<br>२ स्याम्पुयिङ्ग/कण्डिसनिङ्ग (Shampooing/Conditoning) गर्ने ।<br>३ नर्मल हेयर स्पा (Normal Hair Spa) गर्ने ।<br>४ हिना मेहन्दी (Heena Mehandi) लगाउने ।<br>५ ब्लो ड्राइ सेटिङ्ग (Blow Dry Setting) गर्ने ।<br>६ ब्याक कम्ब (Back Comb) गर्ने ।<br>७ राउण्ड (Round) जुरो बनाउने ।<br>८ हेयर पार्टिशन/सेक्सन (Hair Partition/Section) गर्ने<br>९ स्टेट हेयर कटिङ्ग (Straight Hair cutting) गर्ने<br>१० यू सेप हेयर कटिङ्ग (U Shape Hair Cutting) गर्ने<br>११ भी सेप हेयर कटिङ्ग (V Shape Hair Cutting) गर्ने<br>१२ स्टेप हेयर कटिङ्ग (Step Shape Hair Cutting) गर्ने<br>१३ वाक्सिङ्ग (Waxing) गर्ने ।<br>१४ थ्रेडिङ्ग (Threading) गर्ने ।<br>१५ ट्विजिङ्ग/प्लकिङ्ग Tweezing/plucking) गर्ने ।<br>१६ रेजर (Razer) गर्ने ।<br>१७ फेस क्लिन्जिङ्ग (Face cleansing) गर्ने<br>१८ डीप फेस क्लिन्जिङ्ग (Deep face cleansing) गर्ने<br>१९ नर्मल मेनिक्योर (Normal Manicure) गर्ने ।<br>२० नर्मल पेडिक्योर Normal Pedicure गर्ने ।<br>२१ साधारण मेहन्दी आर्ट (Simple Mehandi Art) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक १०.५ घण्टा + व्यावहारिक ४२.० घण्टा = ५२.५ घण्टा |

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 1:** तेल मसाज (Oil Masssage) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. ग्राहकलाई स्वागत गर्ने ।<br>२. आवश्यक सामग्रीहरु तयार पार्ने<br>३. ग्राहकलाई ओयल मसाज चेयरमा राखेर तयार गर्ने ।<br>४. आफू पनि एप्रोन लगाएर तयार हुने ।<br>५. कपालको प्रकार अनुसारको तेल लिने ।<br>६. तेलकम्ब (Tailcomb) को सहायताले हेयर सेक्सन गर्दै कटनको सहायताले स्काल्पमा राम्ररी आयल लगाई दिने ।<br>७. यसरी ओयल लगाइ सकेपछि मसिनो काइयोले स्काल्पमा छुने गरी १ मिनेट जति मजाले कोर्ने र २०/२५ मिनेट हातले मसाजगर्ने ।<br>८. सम्पूर्ण कपालमा ओयल मसाज गरि सके पछि १० मिनेटको लागि हट टावेलले स्टिम दिने या सावर क्याप लगाइदिएर स्टिमरमा राखी दिने ।<br>९. १० मिनेट पछि स्टिमरबाट हटाएर कपाललाई रुम टेम्परेचर (Room Temperature) मा सेलाउन दिने र पछि स्याम्पू गरी दिने ।<br>१०. प्रयोग गरेका औजार उपकरण सफा गर्ने।<br>११. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने । | **दिइएको :**<br>आवश्यक औजार र उपकरण सहितको ब्युटीपार्लर, ग्राहक ।<br><br>**निर्दिष्ट कार्य :**<br>तेल मसाज (Oil Masssage) गन ।<br><br>**मापदण्ड :**<br>• कार्यचरणहरु कमिक रुपमा सम्पादन गरिएको ।<br>• जरादेखि टुप्पोसम्म एकनाशले तेल लागेको ।<br>• कपालमा चमक तथा नरमपना आएको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको। | **Oil :**<br>• प्रकार<br>• महत्व<br>• कपालको प्रकार<br><br>**Steamer**<br>• परिचय<br>• महत्व<br><br>**Masssage :**<br>• परिचय<br>• प्रकार<br>• महत्व<br>• प्रयोग गर्ने तेलहरु<br>• मसाज गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• मसाज गर्ने विधि |

**औजार, उपकरण र सामग्रीहरू (Tools, Equipment and Materials):**

Oil, Towel, Comb, Bowel, Cotton, Apron, Trolley, Steamer, Sower Cap, Big Comb, Tangle Free Comb

**सुरक्षा सावधानी (Safety Precautions):**

- PPE प्रयोग गर्ने ।
- सामान्य गतिमा मसाज गर्ने ।
- ग्राहकको शरीरमा तेल पर्नबाट जोगाउने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 2:** स्याम्पुयिङ्ग/कण्डिसनिङ्ग (Shampooing/Conditioning) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. ग्राकहलाई स्वागत गर्ने ।<br>२. आवश्यक सरसामानहरु तयार गर्ने ।<br>३. ग्राकहको कानमा कटन वा एयर क्याप लगाई घाँटी वरिपरि तौलिया राखी स्याम्पू क्याप (Shampoo Cape) लगाउने ।<br>४. ग्राकह र आफूपनि तयार हुने ।<br>५. ग्राकहको कपालको प्रकार हेरी स्याम्पूको छनोट गरी तयार गर्ने ।<br>६. ग्राकहलाई स्याम्पू वेशिनमा राखी कपाललाई सफा पानीले पखाल्ने ।<br>७. त्यसपछि भिजेको कपालमा स्याम्पू लगाई स्काल्पमा हल्का हल्का औंलाहरुको सहायताले मसाजगर्दै स्याम्पू फैलाउने ।<br>८. स्याम्पू कम्बको सहायताले स्याम्पूलाई सम्पूर्ण रेशामा फैलाई सफा गर्ने ।<br>९. ५।६ मिनेट पछि सफा पानीले राम्ररी स्याम्पू जाने गरी कपाल पखाल्ने ।<br>१०. स्याम्पू पखाली सकेपछि कपालको प्रकार अनुसार जरामा नछुने गरि हरेक रेशामा लाग्ने गरि काडेशनर (Conditioner) प्रयोग गर्ने र ५ मिनेटपछि पानीले पखाल्ने ।<br>११. पानी सोस्ने गरी तौलियाले पुछ्ने र तातो चिसो ड्रायर (Dryer) ले कपाललाई सुकाउने ।<br>१२. प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१३. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **दिइएको** :<br>आवश्यक औजार र उपकरण सहितको ब्युटीपार्लर, ग्राकह ।<br><br>**निर्दिष्ट कार्य :**<br>Shampooing/Conditioning गर्ने<br><br>**मापदण्ड :**<br>• कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>• कपाल सफा नरम र चाम्कलो भएको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **Shampooing/ Conditioning**<br>• परचय<br>• प्रकार<br>• महत्व ।<br>• स्याम्पू प्रयोग गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• कपालको प्रकार<br>• प्रयोग गर्ने विधिहरु<br>• |

**औजार, उपकरण र सामग्रीहरु :**
Shampoo, Condtioner, Shampoo Basin, Shower, Apron, Bowl, Ear Cap, Cotton, Towel, Shampoo Comb, Shampoo Cape, ।

**सुरक्षा र सावधानी :**
- PPE प्रयोग गर्ने र कानमा पानी पर्नबाट जोगाउने ।
- फेसमा Shampoo, Conditioner र पानी पर्नबाट जोगाउने र ग्राहकको लुगा भिज्नबाट जोगाउने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 3:** नर्मल हेयर स्पा (Normal Hair Spa) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
| --- | --- | --- |
| १. ग्राकहलाई स्वागत गर्ने ।<br>२. आबश्यक सरसामान र उपकरणहरु संकलन गर्ने ।<br>३. आफू तयार हुने र क्लाइन्टलाई पनि आराम दायिक कुर्सिमा बसाली घाँटी वरिपरि तौलिया राखी केप लगाई दिने ।<br>४. कपालको प्रकार अनुशारको हेयर स्पा तयार गर्ने ।<br>५. सफा कपाललाई विग कम्बले कपालको लट्टा फूटाल्ने र तेलकम्बले सेक्सन गर्दै स्काल्पमा स्पा क्रिम लगाई हल्का मसाज गर्ने ।<br>६. यसरी इयर टु इयर पार्टको कपाललाई पनि पछाडि जस्तै गरी हेयर स्पा लगाई दिने ।<br>७. सम्पूर्ण कपालमा हेयर स्पा लगाई सकेपछि प्लाष्टिक ऱ्यापरले ऱ्याप गरी हिट दिने या १० मिनेटको लागि हेयर स्टिमरमा राखेर स्टिम दिने ।<br>८. निश्चित समय पुगिसकेपछि कपाल सेलाउन दिने र सफा पानीले पखाल्ने ।<br>९. त्यसपछि टवेल ड्राई (Dry) गर्ने ।<br>१०. ड्रायर (Dryer) ले कपाल सुकाउने ।<br>११. प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१२. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **<u>दिइएको :</u>**<br>आवश्यक औजार र उपकरण सहितको ब्युटीपार्लर, ग्राकह।<br><br>**<u>निर्दिष्ट कार्य :</u>**<br>नर्मल हेयर स्पा (Hair Spa) गर्ने ।<br><br>**<u>मापदण्ड :</u>**<br>● कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>● कपाल सफा नरम र चम्कीलो भएको ।<br>● कपाल सफा नरम र चम्कीलो देखिएको ।<br>● समस्या मुक्त कपाल भएको ।<br>● कार्यसम्पादन अभिलेख राखिएको । | **<u>Normal Hair Spa :</u>**<br>● परिचय<br>● प्रकार<br>● महत्व ।<br>● स्पा गर्ने समयावधि<br>● स्पा गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>● स्पा गर्ने विधि |

**औजार, उपकरण र सामग्रीहरु :**
Hair Spa, Towel, Bowl, Trolley, Section Clip, Section Comb, Application Brush, Gloves, Apron, Shower Cap, Cape

**सुरक्षा / सावधानी :**
- PPE प्रयोग गर्ने ।
- शरीरमा हेयर स्पा पर्नबाट जोगाउने ।

| |
| --- |
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 4:** हीना मेहन्दी [Heena Mehandi (Herbal Dye)] लगाउने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. ग्राहकलाई स्वागत गर्ने ।<br>२. निर्मलीकरण गरिएका आवश्यक औजार उपकरणहरु संकलन गर्ने ।<br>३. कपाल अनुसारको हर्बल हेयर डाई तयार गर्ने।<br>४. आफू तयार हुने र सामग्रीहरु तयार गर्ने ।<br>५. ग्राहकलाई तयार पार्ने र आरामदायी कुर्सिमा राखेर घाँटी वपिरि तौलिया लगाई केप लगाउने।<br>६. सफा कपाललाई विग कम्बको सहायताले कपालको लट्टा फुकाई हेयरलाइन वरिपरि कोल्डक्रिम वा मोस्चराइजर (Moisturizer) लगाइ दिने ।<br>७. डाइब्रसको सहायताले टाउकोको काउनबाट थोरै थोरै कपाल निकाल्दै स्काल्पबाटै सम्पूर्ण रेशामा लाग्ने गरी तयार पारेको हर्बल डाइ (हेयर मेहन्दी) लगाइ दिने ।<br>८. सोही तरिकाबाट सम्पूर्ण कपालमा हर्बल डाई लगाई दिने ।<br>९. सम्पूर्ण कपालमा हेयर मेहन्दी लगाई सकेपछि सावर क्याप लगाई दिने र कानमा इएर क्याप लगाई दिने ।<br>१०. ४५ मिनेट देखि २ घण्टा सम्म हर्बल डाइ राख्ने।<br>११. समय पुगेपछि मौसम अनुसारको पानीले सफासंग पखाल्ने ।<br>१२. Towel Dry गरी Dryer ले सुकाउने ।<br>१३. प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१४. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **दिइएको :**<br>आवश्यक औजार र उपकरण सहितको ब्युटीपार्लर, ग्राहक ।<br><br>**निर्दिष्ट कार्य :**<br>हीना मेहन्दी (Heena Mehandi हर्बल डाइ (Herbal Dye) लगाउने ।<br><br>**मापदण्ड :**<br>● कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>● फुलेको कपालको कलर चेन्ज भएको ।<br>● समस्यामुक्त सफा र चम्कीलो कपाल देखिएको ।<br>● मेहन्दी कपालमा नरहने गरी सफासंग पखालिएको ।<br>● कार्यसम्पादन अभिलेख राखिएको। | **Heena Mehandi (Herbal Dye) :**<br>● परिचय<br>● प्रकार<br>● महत्व ।<br>● कपालको प्रकार<br>● मेहन्दीको मिश्रण<br>● मेहन्दी लगाउँदा ध्यान दिनु पर्ने कुराहरु<br>● मेहन्दी लगाउने तरिका । |

**औजार, उपकरण र सामग्रीहरु :**
Mehandi, Bowl, Apron, Towel, Cotton, Gloves, Dye Brush, Ear Cap, Shower Cap, Shampoo Cape

**सुरक्षा र सावधानी :**
- Skin तथा कपडामा मेहन्दी लाग्नबाट जोगाउने ।
- PPE प्रयोग गर्ने ।
- कानमा पानी पर्नबाट जोगाउने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 5:** ब्लो ड्राइ सेटिङ्ग (Blow dry setting) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. प्रशिक्षण ग्रहण गर्ने ।<br>२. निर्मलीकरण गरिएका औजार, उपकरण तथा आवश्यक सामग्रीहरु संकलन गर्ने ।<br>३. ग्राहकलाई आरामदायी तरिकाले ऐनाको सामुन्ने बसाउने ।<br>४. ग्राहकको घाँटीदेखि तल टावल राखी केप लगाउने ।<br>५. ग्राहकको कपाल कटिङ्गको सेप अनुसार पार्टेशन गर्ने ।<br>६. आवश्यकता अनुसार ग्राहकको कपालमा पानी स्प्रे गर्ने ।<br>७. ग्राहकको कपाल देखी कम्तीमा ६ इन्चको दूरीमा ड्रायर चलाउने ।<br>८. थोरै थोरै कपाल लिदै माथिदेखि तल सम्म सेटिङ्ग ब्रस (Setting Brush) र ड्रायरको सहायताले टुप्पोमा लग्दै रोल गर्ने ।<br>९. माथिको प्रकृया दोहराउँदै पूरै कपालमा सेट गर्ने ।<br>१०. पूरै कपाल सेट गरिसके पछि हेयर स्प्रे गर्ने<br>११. प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१२. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने। | **दिइएको:**<br>औजार, उपकरण, सामग्रीहरु सहितको पार्लर, सफा कपाल सहितको ग्राहक<br>**निर्दिष्ट कार्य :**<br>ब्लो ड्राइ सेटिङ्ग गर्ने ।<br>**मापदण्ड :**<br>• कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>• कपालको स्टाइल अनुसारको ब्लो ड्राई सेट गरिएको ।<br>• हेयर ड्रायर र कपालको दुरी ६ इन्च भन्दा बढी राखिएको ।<br>• कार्य सम्पादन अभिलेख राखिएको । | **Blow Dry :**<br>• परिचय<br>• प्रकार<br>• महत्व<br>• स्टाइल अनुसार कपाल इन र आउट गर्ने तरिका<br>• ब्रसको छनौट गर्ने तरिका<br>• ड्रायरको तापक्रम सेटिङ्ग गर्ने तरिका<br>• Heat Protector परिचय र महत्व ।<br>• Setting Brush को परिचय<br>• ब्लो ड्राइ गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• ब्लो ड्राइ गर्ने विधि |

**औजार,उपकरण र सामग्रीहरु:**
एप्रोन, हेयर ड्रायर, टावल, केप, ज्याक पिन, टेलकम, वाटर स्प्रे, सेटिङ्ग ब्रस, हेयर स्प्रे ।

**सुरक्षा/सावधानीहरु:**
- PPE प्रयोग गर्ने ।
- हेयर ड्रायरको तापक्रम सही तरिकाबाट मिलाइएको
- ड्रायर चलाउँदा होशियारी अपनाउने ।
- ड्यामेज कपालमा ब्लो ड्राई नगरिएको ।
- आवश्यकता अनुसार हिट प्रोटेक्टर प्रयोग गरिएको ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 6:** ब्याक कम्ब (Back Comb) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ प्रशिक्षण ग्रहण गर्ने ।<br>२ निर्मलीकरण गरिएका औजार, उपकरण तथा आवश्यक सामग्रीहरु संकलन गर्ने ।<br>३ ग्राहकलाई आरामदायी तरिकाले ऐनाको सामुन्ने बसाउने ।<br>४ ग्राहकको घाँटी देखी तल तौलिया राखी केप लगाउने ।<br>५ ग्राहकको फेसको सेप अनुसार पार्टेशन गर्ने<br>६ कुन एरियाको कपाललाई कति भोलुम देखाउने हो सो यकिन गर्ने ।<br>७ कपालको थोरै थोरै लेयर लिई ब्याक कोमको सहायताले कपालको जरा देखि टुप्पोतिर कोर्दै लट्टा पार्ने ।<br>८ ग्राहक को इच्छा अनुसार कति ठूलो सानो पफ उठाउने हो सोही अनुसार ब्यक कम गर्ने ।<br>९ ब्याक कोम गरेको कपाललाई टाइटसंग पिन अप गर्ने ।<br>१० उठेको वा झुर्र परेर निस्केको कपाललाई हेयर जेल अथवा हेयर स्प्रेको सहायताले सेटिङ्ग गरिदिने ।<br>११ प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१२ औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **<u>दिइएको:</u>**<br>औजार, उपकरण, सामग्रीहरु सहितको पार्लर, सफा कपाल सहितको ग्राहक ।<br>**<u>निर्दिष्ट कार्य :</u>**<br>Back Comb गर्ने ।<br>**<u>मापदण्ड:</u>**<br>● कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>● कपालको स्टाइल वा फेसको बनावट अनुसारको ब्याक कोम गरि पफ सेट गरिएको ।<br>● कपालमा Volume देखिएको ।<br>● कार्यसम्पादन अभिलेख राखिएको । | **<u>Back Comb :</u>**<br>● परिचय<br>● प्रकार<br>● महत्व<br>● फेस अनुसारको कपालको भोलुम निकाल्ने तरिका<br>● ब्याक कम्ब हटाउने विधि<br>● ब्याक कम्ब हटाउने विधिगर्दा ध्यान दिनु पर्ने कुराहरु<br>● ब्याक कम्ब गर्ने विधि |

**औजार,उपकरण र सामग्रीहरु:**
एप्रोन, टावल, केप, ज्याक पिन, ब्याक कोम, टेलकम, ब्रस, हेयर स्प्रे, हेयर जेल, बब पिन **(Bob Pin)** ।

**सुरक्षा/सावधानीहरु:**
- PPE प्रयोग गर्ने ।
- ब्याक कोम चलाउँदा छालामा कोतरने वा धाउ हुने समस्याबाट होसियारी अपनाउने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 7:** राउण्ड जुरो (Round knot) बनाउने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. ग्राहकको स्वागत गर्ने<br>२. निर्मलीकरण गरिएका औजार, उपकरण तथा आवश्यक सामग्रीहरु संकलन गर्ने ।<br>३. ग्राहकलाई आरामदायी कुर्सीमा बसाउने ।<br>४. ग्राहकको घाँटी वरिपरि तौलिया राख्ने ।<br>५. कपाल कोर्ने ।<br>६. पोनी टेल बनाउने ।<br>७. पोनी टेल गरेको कपाललाई ४ भागमा छुट्याउने ।<br>८. यी चार भागलाई एक अर्कामा ब्याक कोम गर्दै रोल गरी जोड्ने ।<br>९. चार भाग लगाई रोल गरेको कपाललाई जोडेर एउटै बनाउने ।<br>१०. एक अर्का देखि फरक भएमा फाइन पिनको सहायताले पिन अप गर्ने ।<br>११. जुरो माथिको हेयर नेट निकाली ग्राहकको इच्छा अनुसार हेयर स्प्रे गर्ने ।<br>१२. Decoration Pin ले Decoration गर्ने।<br>१३. प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१४. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **दिइएको:**<br>ब्युटी पार्लर, ग्राहक ।<br>**निर्दिष्ट कार्य :**<br>राउण्ड जुरो बनाउने ।<br>**मापदण्ड :**<br>● कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>● राउण्ड जुरो सेन्टरमा देखिएको<br>● आवश्यकता अनुसार Hair Spray प्रयोग गरिएको ।<br>● Client Comfortable हुने गरी पोली टेल गरिएको ।<br>● राउण्ड सेपमा जुरो देखिएको ।<br>● कपालसंग च्यापिने गरी पिन गलाइएको ।<br>● जुरो सफा र आकर्षक देखिएको।<br>● कार्य सम्पादन अभिलेख राखिएको। | **राउण्ड जुरो :**<br>● परिचय<br>● महत्व<br>● जुरोका किसिमहरु<br>● राउण्ड जुरो बनाउँदा ध्यान दिनु पर्ने कुराहरु<br>● राउण्ड जुरो बनाउने विधि |

**औजार,उपकरण र सामग्रीहरु:**
एप्रोन, हेयर ड्रायर, टावल, केप, ज्याक पिन, टेलकम, Hair Net, Bob Pin, Fine Pin, Setting Spray, U Pin, Rubber, Decoration Pins

**सुरक्षा/सावधानीहरु:**
- PPE प्रयोग गर्ने ।
- Bob Pin, U Pin ले Scalp मा घोचिनबाट जोगाउने ।
- अनुहारमा नपर्ने गरी Hair Spray गरिएको ।
- अनुहारमा Hair Spray नपार्ने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 8:** हेयर पार्टिशन/सेक्सन (Hair Partition/Section) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ निर्देशन प्राप्त गर्ने ।<br>२ निर्मलीकरण गरिएका औजार तथा सामग्रीहरु ट्रली (Trolly) मा तयार गर्ने ।<br>३ कपाललाई स्याम्पू (Shampoo) गर्ने ।<br>४ स्याम्पू (Shampoo) गरेको कपाललाई सेमीड्राइ (Semi dry) गर्ने ।<br>५ कपाललाई पेदल ब्रस/फ्लायत ब्रस (Paddle Brush/Flat Brush) ले ट्यांगल फ्री (Tangle Free) गर्ने ।<br>६ ग्राहकको काँधमा तौलिया र एप्रोन राख्ने ।<br>७ आफूले पनि एप्रोन लगाउने ।<br>८ कटिङ्ग (Cutting) अनुसारको पार्टिशन (Partition) गर्ने ।<br>९ प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१० औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **दिइएको :**<br>सम्पूर्ण आवश्यक सामान उपकरण सहितको पार्लर, ग्राहक ।<br><br>**निदिष्ट कार्य :**<br>Hair Partition/Sectionगर्ने ।<br><br>**मापदण्ड :**<br>• कार्यचरणहरु कमिक रुपमा सम्पादन गरिएको ।<br>• Cutting अनुसारको Partition गरिएको ।<br>• कपालको Volume अनुसारको Section गरिएको ।<br>• Section Clip को Direction मिलेको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **Hair Partition/ Section :**<br>• परिचय<br>• प्रकार<br>• महत्व ।<br>**Section Clip :**<br>• परिचय<br>• प्रकार<br>• महत्व<br>• प्रयोग विधि ।<br>• पार्टिशन गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• पार्टिशन गर्ने विधि |

**औजार, उपकरण र सामग्रीहरु :**
Section Clip, Tail Comb, Big Comb, Paddle Brush, Apron, Towel, Dryer, Water Spray Bottle.

**सुरक्षा /सावधानी :**

- PPE प्रयोग गर्ने ।
- स्याम्पूलाई शरीर र भुँईमा नपार्ने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 9:** स्ट्रेट हेयर कटिङ्ग (Straight Hair Cutting) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ निर्देशन प्राप्त गर्ने ।<br>२ निर्मलीकरण गरिएका औजार तथा सामग्रीहरु ट्रली (Trolly) मा तयार गर्ने ।<br>३ कपाल ट्याङ्गल फ्री (Tangle free) गर्ने । | **दिइएको :**<br>सम्पूर्ण आवश्यक सामान उपकरण सहितको पार्लर, कपाल Cutting गर्नु पर्ने ग्राहक । | **Straight Hair Cutting:**<br>• परिचय<br>• महत्व<br>• आकार |

| | | |
|---|---|---|
| ४ कपाललाई चार भागमा पार्टेसन गर्ने ।<br>५ पछाडिको भागबाट स्ट्रेट (Straight) मा भोलुम (Volume) अनुसार सेक्सन कम्ब (Section Comb) को सहायताले सेक्सन (Section) छुट्याउने ।<br>६ कपाललाई वाटर स्प्रे (Water Spray) को सहायताले 80% भिजाउने ।<br>७ नेप एरिया (Nape area) बाट होरिजेन्टल सेक्सन (Horizontal section) गर्ने ।<br>८ बक्स एरिया (Box Area) को कपाललाई $O^0$ मा ग्राहकको इच्छा अनुसार लम्बाईमा कैचीले काट्ने ।<br>९ काटेको कपाललाई गाइड लाइन (Guide line) अनुसार सम्पूर्ण कपाललाई सेक्सन कटिङ्ग (Section Cutting) गर्ने ।<br>१० यस्तै गरी क्राउन एरिया (Crown area) सम्मको कपाल वनलेन्थ (One length) मा काट्ने ।<br>११ कान भन्दा अगाडीको कपाल पछाडीको गाइड लाइन (Guide line) अनुसार ग्राहकको काँधको साइडमा बसेर कटिङ्ग (Cutting) गर्ने ।<br>१२ सबै कपाल काटी सकेपछि क्रस चेक (Cross check) गर्ने ।<br>१३ कटिङ्ग (Cutting) अनुसारको ब्लो ड्राइ सेटिङ्ग (Blow Dry Setting) गर्ने ।<br>१४ ग्राहकलाई ब्याक मिरर (Back Mirror) देखाएर सन्तुष्ट बनाउने ।<br>१५ फिडब्याक (Feedback) लिने र दिने ।<br>१६ प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१७ औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **निदिष्ट कार्य :**<br>स्ट्रेट हेयर कटिङ्ग (Straight Hair cutting) गर्ने ।<br><br>**मापदण्ड :**<br>• कार्यसम्पादन अभिलेख राखिएको ।<br>• कपाल लामो छोटो नभई सबै कपालको लेन्थ स्ट्रेट बराबर (Length straight equal) भएको ।<br>• कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको । | **Grip Holding :**<br>• परिचय<br>• महत्व<br>• Hair Partition<br>• कैंची (Scissors) चलाउने तरिका ।<br>• स्ट्रेट हेयर कटिङ्ग गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• स्ट्रेट हेयर कटिङ्ग गर्ने विधि |

**औजार, उपकरण र सामग्रीहरु :**

Scissor, Cutting comb, Water spray, cape, apron, section clip, dryer

**सुरक्षा /सावधानी :**

- PPE प्रयोग गर्ने ।
- Sterlized tools मात्र प्रयोमा ल्याउने ।
- Scissor चलाउंदा सावधानी अपाउने ।
- छाला काटेको अवस्थामा प्राथमिक उपचार गर्ने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 10:** यू सेप हेयर कटिङ्ग (U Shape Hair Cutting) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ ग्राहकलाई स्वागत गर्ने ।<br>२ निर्देशन प्राप्त गर्ने ।<br>३ निर्मलीकरण गरिएका औजार तथा सामग्रीहरु तयार पार्ने ।<br>४ ग्राहकको कपाल स्याम्पू (Shampoo) गर्ने।<br>५ ग्राहकलाई कटिङ्ग चेयरमा बसाल्ने र केप (Cape) लगाई तयार पार्ने ।<br>६ आफुपनि एप्रोन लगाइ तयार हुने ।<br>७ ग्राहकको कपालको टेक्स्चर अवलोकन गर्ने<br>८ तेलकम्ब (Tail Comb) को सहायताले कपाललाई चार भाग गर्ने ।<br>९ सेक्सन क्लिपको सहायताले लक (Lock) गर्ने ।<br>१० पछाडीको भागबाट कपालको भोलुम (Volume) हेरेर यू सेपमा (U Shape) सेक्सन (Section) निकाल्ने ।<br>११ पहिलो नेप एरिया (Neap Area) बाट ग्राहकको इच्छा अनुसारको लम्बाईमा $O^0$ मा गाइड लाइन (Guideline) बनाउने ।<br>१२ सोही गाइड लाइन (Guideline) अनुसार दांया र बायाको पार्ट (Part) को कपाललाई यू सेप (U Shape) अनुसार औंला छड्काई सिजर (Scissor) को पोजिसन (Position) पनि मिलाई $O^0$ मा कटिङ्ग (Cutting) गर्ने ।<br>१३ सोही गाइड लाइन (Guideline) अनुसार दोस्रो र तेस्रो गरी सेक्सन (Section) निकाल्दै सम्पूर्ण कपाललाई सो तरिकाले कटिङ्ग (Cutting) गर्ने ।<br>१४ यसरी इयर टु इयर (Ear to ear) को पार्ट (Part) लाई पनि पछाडीबाट गाइड लाइन (Guideline) लिई कुमनिर $O^0$ मा ल्याई सोही अनुसार यू सेप (U Shape) आउने गरी कटिङ्ग (Cutting) गर्ने । | **दिइएको :**<br>सम्पूर्ण आवश्यक सामान उपकरण सहितको पार्लर, ग्राहक ।<br><br>**निर्दिष्ट कार्य :**<br>यू सेप हेयर कटिङ्ग (U Shape Hair Cutting) गर्ने ।<br><br>**मापदण्ड :**<br>• कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>• Cutting गरिएको कपाल U Shape मा देखिएको ।<br>• कपाल लामो छोटो नभएको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **U Shape Cutting :**<br>• परिचय<br>• महत्व<br>• आकार<br>**Grip Holding :**<br>• परिचय<br>• महत्व<br>• Hair Partition<br>• Scissor चलाउने तरिका<br>• यू सेप हेयर कटिङ्ग (U Shape Hair Cutting) गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• यू सेप हेयर कटिङ्ग (U Shape Hair Cutting) गर्ने विधि |

| | | |
|---|---|---|
| १५ कटिङ्ग (Cutting) सकिसके पछि ग्राहकलाई निहुरिन लगाई राउण्ड (Round Check) गर्ने र लामो छोटो भएको कपाललाई कटिङ्ग (Cutting) गरी मिलाउने ।<br>१६ ब्लो ड्राइ (Blow Dry) गरी पठाउने ।<br>१७ प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१८ औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | | |

**औजार, उपकरण र सामग्रीहरु :**
Tail comb, big comb, jack-pin, apron, cape, trally, dryer, scissors ।

**सुरक्षा र सावधानी :**
- PPE प्रयोग गर्ने ।
- सम्पूर्ण सामाग्रीहरु किटाणु रहित हुनु पर्ने ।
- Cutting गर्दा Scissors ले घाउ नलागोस भनी होसियारी अपनाउने ।
- कार्यस्थल तथा व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 11:** भी सेप हेयर कटिङ्ग (V Shape Hair Cutting) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ निर्देशन प्राप्त गर्ने ।<br>२ ग्राहकलाई स्वागत गर्ने ।<br>३ सम्पूर्ण औजार तथा सामग्रीहरु तयार पार्ने ।<br>४ ग्राहकको कपाल स्याम्पू (Shampoo) गर्ने ।<br>५ ग्राहकलाई कटिङ्ग चेयर (Cutting Chair) मा बसाल्ने र केप (Cape) लगाई तयार पार्ने ।<br>६ आफूपनि एप्रोन लगाई तयार हुने ।<br>७ ग्राहकको कपालको टेक्स्चर अवलोकन गर्ने ।<br>८ तेलकम्ब (Tail Comb) को सहायताले कपाललाई चार भाग गर्ने ।<br>९ सेक्सन क्लिपको सहायताले लक (Lock) गर्ने। | **दिइएको :**<br>सम्पूर्ण आवश्यक सामान उपकरण सहितको पार्लर, ग्राहक ।<br><br>**निर्दिष्ट कार्य :**<br>भी सेप हेयर कटिङ्ग (V Shape Hair Cutting) गर्ने ।<br><br>**मापदण्ड :**<br>• कार्यचरणहरु कमिक रुपमा सम्पादन गरिएको ।<br>• Cutting गरेको कपाल V Shape मा प्रष्ट देखिएको ।<br>• कपाल लामो छोटो नभएको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **V Shape Cutting :**<br>• परिचय<br>• महत्व<br>• आकार<br>• भी सेप (V Shape) कटिङ्ग गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• भी सेप (V Shape) कटिङ्ग गर्ने विधि |

| | | |
|---|---|---|
| १० पछाडिको पार्ट (Part) बाट कपालको भोलुम (Volume) हेरेर भी सेप (V Shape) मा लेयर (Layer) निकाल्ने<br>११ पहिला नेप एरिया (Neap Area) बाट ग्राहकको इच्छा अनुसारको लम्बाईमा $O^0$ मा गाइड लाइन (Guideline) बनाउने ।<br>१२ सोही गाइड लाइन (Guideline) अनुसार दांया र बाया पार्टको कपाललाई भी सेप (V Shape) अनुसार औला छड्काई सिजर (Scissor) को पोजिसन (Position) पनि मिलाई $O^0$ मा कटिङ्ग (Cutting) गर्ने ।<br>१३ सोही गाइड लाइन (Guideline) अनुसार दोस्रो र तेस्रो गरी सेक्सन (Section) निकाल्दै सम्पूर्ण कपाललाई सो तरिकाले कटिङ्ग (Cutting) गर्ने ।<br>१४ यसरी इयर टु इयर (Ear to ear) को पार्ट (Part) लाई पनि पछाडीबाट गाइड लाइन (Guideline) लिई कुमनिर $O^0$ मा ल्याई सोही अनुसार भी सेप (V Shape) आउने गरी कटिङ्ग (Cutting) गर्ने ।<br>१५ कटिङ्ग (Cutting) सकेपछि ग्राहकलाई निहुरिन लगाई राउण्ड चेक (Round Check) गर्ने र लामो छोटो भएको कपाललाई कटिङ्ग (Cutting) गरी मिलाउने ।<br>१६ ब्लो ड्राइ (Blow Dry) गरी पठाउने ।<br>१७ प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१८ औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | | |

**औजार, उपकरण र सामग्रीहरु :**

Tail comb, big comb, Cutting Comb, jack-pin, apron, cape, trolly, Hair dryer, scissors, Shampoo, Towel, Shampoo Comb, Shower apron।

**सुरक्षा र सावधानी :**

- PPE प्रयोग गर्ने ।
- Hygiene Maintain गर्नु पर्ने ।
- सम्पूर्ण सामग्रीहरु किटाणु रहित पार्ने ।
- Cutting गर्दा Scissors ले घाउ नलागोस भनेर होसियारी अपनाउने ।
- कार्यस्थल तथा व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 12:** स्टेप हेयर कटिङ्ग (Step Hair Cutting) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १ निर्देशन प्राप्त गर्ने ।<br>२ ग्राहकलाई स्वागत गर्ने ।<br>३ निर्मलीकरण गरिएका औजार तथा सामग्रीहरु ट्रली (Trolly) मा तयार गर्ने ।<br>४ ग्राहकलाई कटिङ्ग चेयर (Cutting Chair) मा बसाल्ने ।<br>५ ग्राहकलाई एप्रोन लगाउने ।<br>६ ग्राहकको कपालको टेक्चर अवलोकन गर्ने ।<br>७ पार्टिसन (Partition) गरेको कपाललाईपछाडी को भागबाट फस्टसेक्सन(1st Section) छुट्याउने र बक्स एरिया (Box Area) निकाली जिरो स्ट्रेट ($O^0$ straight) मा ग्राहकको इच्छा अनुसार लेन्थ (Lenth) मा कटिङ्ग (Cutting) गर्ने ।<br>८ साइड साइड (Side Side) को कपाललाई ग्राहकको इच्छा अनुसार $O^0$ मा U,V वा Straight मा Cutting गरी सेप (Shape) दिने।<br>९ सेकेण्ड सेक्सन (2nd Section) लाई $30^0$ मा उठाई भर्टिकल (Vertical) मा समाई कटिङ्ग (Cutting) गर्ने ।<br>१० थर्ड सेक्सन (3rd Section) निकाली $60^0$ मा उठाई भर्टिकल (Vertical) मा समाई कटिङ्ग (Cutting) गर्ने ।<br>११ फोर्थ सेक्सन (4rth Section) लाई $90^0$ मा उठाई कटिङ्ग (Cutting) गर्ने ।<br>१२ ग्राहकको कपाललाई कटिङ्ग (Cutting) अनुसार ड्रायर (Dryer) ले सेट गर्ने ।<br>१३ प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१४ औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **दिइएको :**<br>सम्पूर्ण आवश्यक सामान उपकरण सहितको पार्लर, कपाल cutting गर्नु पर्ने ग्राहक ।<br><br>**निदिष्ट कार्य :**<br>स्टेप हेयर कटिङ्ग (Step Hair Cutting) गर्ने ।<br><br>**मापदण्ड :**<br>• कार्यचरणहरु क्रमिक रुपमा सम्पादन गरिएको ।<br>• कपालमा Step हरु प्रष्ट देखिएको ।<br>• कपलामा भोलुम (Volume) देखिएको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **Step Hair Cutting :**<br>• परिचय<br>• महव<br>• Cutting को डिग्री<br><br>**Hair Section :**<br>• परिचय<br>• महत्व<br>• स्टेप हेयर कटिङ्ग (Step Hair Cutting) गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• टेप हेयर कटिङ्ग (Step Hair Cutting) गर्ने विधि |

**औजार, उपकरण र सामग्रीहरु :**

Tail comb, big comb,jack-pin, apron, cape, trolly, dryer scissor।

**सुरक्षा र सावधानी :**

- PPE प्रयोग गर्ने ।
- Scissors ले Client को skin मा काट्न सक्ने हुने सावधानी अपनाउने ।
- कार्यस्थल तथा ब्यक्तिगत सरसफाइमा ध्यान दिने ।

| |
|---|
| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 13:** वाक्सिङ्ग (Waxing) गर्ने । |
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| कार्य चरणहरू (Steps) | अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective) | सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge) |
|---|---|---|
| १. निर्देशन प्राप्त गर्ने ।<br>२. आवश्यक औजार सामग्री संकलन गर्ने ।<br>३. वाक्स (Wax) गर्ने एरिया निर्धारण गर्ने ।<br>४. वाक्स (Wax) गर्ने एरिया सफा गर्ने ।<br>५. Wax गर्ने एरियामा टेलकम पाउडर लगाउने ।<br>६. वाक्स (Wax) लाई वाक्स (Wax) हिटरमा तताउने ।<br>७. तताएको वाक्स (Wax) को तापमान जाँच गर्ने।<br>८. स्पाचुला (Spatula) को सहायताले वाक्स (Wax) लाई निर्धारित एरियामा रौं फर्केको दिशातिर लगाउने ।<br>९. वाक्स स्ट्रिप (Wax Strip) टाँस्ने र रब (Rub) गर्ने ।<br>१०. वाक्स (Wax) गर्ने छालालाई कसिलो हुने गरी होल्ड (Hold) गर्ने ।<br>११. वाक्स स्ट्रिप(Wax Strip) लाइ विपरीत दिशातिर तान्ने<br>१२. छुटेको रौंलाई थ्रेड (Thread) वा ट्विजर (Tweezer) ले निकाल्ने ।<br>१३. वाक्स (Wax) गरेको एरियालाई तेल (Oil) वा पानी वा वाक्स रिमुभिङ्ग लोसन (Wax Removing Lotion) ले सफा गर्ने ।<br>१४. वाक्स (Wax) गरेको एरियामा शुटिङ्ग लोसन (Shooting Lotion) वा आस्ट्रिजेन्ट लोसन (Astringent Lotion) लगाउने ।<br>१५. प्रयोग गरेका औजार उपकरण सफा गर्ने ।<br>१६. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने । | **दिइएको :**<br>आवश्यक औजार उपकरण र सामग्री सहितको ब्युटिपार्लर, उचित प्रकाशको व्यवस्था भएको कोठा, ग्राहक ।<br>**निर्दिष्ट कार्य :**<br>वाक्सिङ्ग (Waxing) गर्ने ।<br>**मापदण्ड:**<br>• कार्यचरणहरु कमिक रुपमा सम्पादन गरिएको ।<br>• वाक्स (Wax) गरेको स्थानमा कुनै रौं नछुटेको ।<br>• Wax गरेको स्थानमा धेरै Redness र Rashes नभएको ।<br>• वाक्स (Wax) गरेको स्थानमा नपोलेको ।<br>• कार्यसम्पादन अभिलेख राखिएको । | **Waxing :**<br>• परिचय<br>• प्रकार<br>• महत्व<br>• छालामा हुने Contra-indication<br>• वाक्सिङ्ग गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>• वाक्सिङ्ग गर्ने विधि<br>**टेलकम पाउडर**<br>• परिचय<br>• कार्य |

**औजार, उपकरण र सामग्रीहरु :**

Wax Strip, Wax Heater, Spatula, Wax Cream, Talcum Powder, Soothing Lotion/Moisturiser, Astringent Lotion, Cotton, Towel, Threading Thread, Gloves, Mask, Antiseptic Lotion, Disposable bed sheet

**सुरक्षा / सावधानी:**

- PPE प्रयोग गर्ने ।
- धारिलो औजार चलाउँदा चोटपटक लाग्नबाट जोगिने ।
- कार्यस्थल तथा व्यक्तिगत सरसफाइमा ध्यान दिने ।

| **Module:** आधारभुत ब्युटिसियन र हेयर स्टायल कार्यहरू Basic Beautician and Hair Style Tasks<br>**Task 14:** थ्रेडिङ्ग (Threading) गर्ने । |
|---|
| **समय (Duration):** सैद्धान्तिक ०.५ घण्टा + व्यावहारिक २.० घण्टा = २.५ घण्टा |

| **कार्य चरणहरू (Steps)** | **अन्तिम कार्य सम्पादन उद्देश्य (Terminal Performance Objective)** | **सम्बन्धित प्राविधिक ज्ञान (Related Technical Knowledge)** |
|---|---|---|
| १. निर्देशन प्राप्त गर्ने<br>२. निर्मलीकरण गरिएका आवश्यक सामग्री संकलन गर्ने ।<br>३. ग्राहकलाई आरामसंग कुर्सी या वेडमा बसाउने<br>४. गलामा टावेल राखिदिने ।<br>५. ग्राहकलाई छुनु भन्दा पहिले हातमा स्यानिटाइजर लगाउने<br>६. अनुहार अथवा आइब्रोको आकार check गर्ने ।<br>७. आइब्रोमा पाउडर लगाउने र दायाँ साइडबाट सुरु गर्ने ।<br>८. ग्राहकलाई आइब्रो तान्न लगाउने ।<br>९. छुटेको रौंहरुलाई ट्विजर (Twizer) को सहायताले निकाल्ने र लामो भएको रौंहरुलाई आइब्रो सिजर (Eyebrow Scissors) ले काटेर मिलाउने ।<br>१०. थ्रेडिङ्ग (Threading) गरेको रौंहरुलाई ब्रसको सहायताले सफा गर्ने ।<br>११. थ्रेडिङ्ग गरिसकेपछि ग्राहकलाई ऐना देखाएर रौं छुट्या अथवा आकार मिल नमिलेको check गर्ने ।<br>१२. गुलावजल अथवा सुठिङ्ग क्रिम (Soothing cream) लगाउने<br>१३. ग्राहक संग पृष्ठपोषण (Feedback) लिने ।<br>१४. प्रयोग गरेका औजार उपकरण सफा गर्ने।<br>१५. औजार उपकरण र सामग्रीहरु भण्डारण गर्ने | **दिइएको :**<br>आवश्यक औजार रउपकरण सहितको ब्युटीपार्लर, ग्राहक ।<br><br>**निर्दिष्ट कार्य :**<br>थ्रेडिङ्ग (Threading) गर्ने ।<br><br>**मापदण्ड :**<br>● कार्यचरणहरु कमिक रुपमा सम्पादन गरिएको ।<br>● आइब्रो (Eyebrow) को सेप मिलेको ।<br>● रौ नछुटेको ।<br>● घाउ नभएको ।<br>● अनुहार सफा भएको ।<br>● कार्यसम्पादन अभिलेख राखिएको । | **Threading :**<br>● परिचय<br>● प्रकार<br>● महत्व ।<br><br>**Eye brow Shape :**<br>● परिचय<br>● आकार<br>● प्रकार<br>● थ्रेडिङ्ग (Threading) गर्दा ध्यान दिनु पर्ने कुराहरु<br>● थ्रेडिङ्ग (Threading) गर्ने विधि |

**औजार उपकरण र सामग्रीहरु :**

Threading धागो, Scissors, पाउडर, टावेल, Tissue papers, ऐना, ब्रस, soothing cream, rose water, सानिटाइजर, cotton

**सुरक्षा / सावधानी:**

- PPE प्रयोग गर्ने र औजारहरु सावधानी पूर्वक प्रयोग गर्ने ।
- Threading गर्दा ब्लड आएको अवस्थामा प्राथमिक उपचार गर्ने ।
- कार्यस्थल तथा ब्यक्तिगत सरसफाइमा ध्यान दिने ।

| |
|---|
